# हरिनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## हरिनगरा, सुनसरी
कोशी प्रदेश, नेपाल

प.स.:- २०८०/०८१ सूचना प्रकाशित मिति :- २०८०/१०/१६
च.न.:-

## कर्मचारी तह वृद्धि, स्वत: बढुवा र तह मिलान सम्बन्धी सूचना ।

कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम तथा संघीय लोकसेवा आयोग वा प्रदेश लोकसेवा आयोगबाट स्थानीय तहमा सिफारिस समायोजन/समायोजन संशोधन भएका यस कार्यालय र यस अन्तर्गतका कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरुले कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० बमोजिम योग्यता पुगेको भए तपसिल बमोजिमका कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तह वृद्धि, स्वत: बढुवा र तह मिलानका निम्ति रितपुर्वक यस कार्यालयमा निवेदन पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

**तपसिल :**

१. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ४ को उपदफा ५, दफा ८ को उपदफा १३ र १६ बमोजिम योग्यता पुगेका कर्मचारीहरुको हकमा निम्नानुसारका कागजात सहित निवेदन दिनुपर्नेछ :

(क) शुरु नियुक्ति पत्र/बढुवा/तह वृद्धि भएको पत्रको प्रतिलिपि ।

(ख) समायोजन/समायोजन संशोधन भएको पत्र वा संघीय/प्रदेश लोकसेवा आयोगको सिफारिस अनुसार भएको नियुक्ति पत्रको प्रतिलिपि ।

(ग) शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि ।

२. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा १ बमोजिम योग्यता पुगेको कर्मचारीहरुको हकमा निम्नानुसारका कागजात सहित निवेदन दिनुपर्नेछ :

(क) शुरु नियुक्ति पत्र/बढुवा/तह वृद्धि भएको पत्रको प्रतिलिपि ।

(ख) समायोजन/समायोजन संशोधन भएको पत्र वा संघीय/प्रदेश लोकसेवा आयोगको सिफारिस अनुसार भएको नियुक्ति पत्रको प्रतिलिपि ।

(ग) शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि ।

(घ) पछिल्लो ३ आर्थिक वर्षको कार्यसम्पादन मुल्याङ्कन फाराम ।

३. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ८ को उपदफा १७ बमोजिम योग्यता पुगेको कर्मचारीहरुको हकमा निम्नानुसारका कागजात सहित निवेदन दिनुपर्नेछ :

(क) शुरु नियुक्ति पत्र ।

(ख) संघीय लोकसेवा आयोग वा प्रदेश लोकसेवा आयोगवाट स्थानीय तहमा सिफारिस भएको पत्रको प्रतिलिपि ।

(ग) शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि ।

**नोटः** निवेदन पेश गर्न चाहने कर्मचारीहरुले स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० र सो ऐनको दफा २, ४, ८, २७, ३१, दफा ५६ को उपदफा ३ को स्पष्टीकरण खण्ड, दफा ५७ को उपदफा १ को स्पष्टीकरण खण्डमा भएका प्रावधानहरु अध्ययन मनन् गरी निवेदन पेश गर्न हुन समेत सूचित गरिन्छ ।

Email id :harinagargapa@gmail.com, ito.harinagarmun@gmail.com
website: www.harinagaramun.gov.np